# फाकफोकथुम गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

आमचोक, इलाम, प्रदेश नं १, नेपाल

फाकफोकथुम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आमचोक, इलाम
१ नं प्रदेश नेपाल

**फाकफोकथुम गाउँपालिका हेभी इक्युपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०७९**

गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत मिति २०७९।०८।२२

प्रमाणित मिति: २०७९।०९।०५

दिलकुमार लिम्बू
प्रमुख प्रशासकीय अधिकृत

**फाकफोकथुम गाउँपालिका हेभी इक्युपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०७९**

**गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत मिति २०७९।०८।२२**

**प्रमाणित मितिः २०७९।०९।०५**

स्थानीय पूर्वाधार विकास आयोजना तथा परियोजनाहरुलाई छिटो, छरितो र गुणस्तरिय बनाउन फाकफोकथुम गाउँपालिकाको स्वामित्वमा रहेका हेभि इक्युपमेन्टहरुलाई सञ्चालन र व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) घ ले निर्दिष्ट गरे बमोजिम फाकफोकथुम गाउँ कार्यपालिकाले **हेभी इक्युपमेन्ट सञ्चालन कार्यविधि, २०७९** जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम **हेभी इक्युपमेन्ट सञ्चालन कार्यविधि, २०७९** रहने छ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाले पारित गरेपछि तुरुन्त लागू हुनेछ।

**२. परिभाषा**

क) "हेभी इक्युपमेन्ट" भन्नाले ब्याक हो लोडर, एम्बुलेन्स, ट्रयाक्टर, रोलर, बारुणयन्त्र, ट्याङ्कर, ग्रेडरलगायत अन्य सवारी साधनलाई सम्झनु पर्दछ।

ख) "कार्यपालिका" भन्नाले फाकफोकथुम गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

ग) "समिति" भन्नाले यस कार्यविधि अन्तर्गत गठित सञ्चालन समितिलाई सम्झनु पर्दछ।

घ) "शाखा" भन्नाले यस गाउँपालिकाको हेभी इक्युपमेन्ट व्यवस्थापन गर्ने शाखालाई सम्झनु पर्दछ।

ङ) "कोष" भन्नाले फाकफोकथुम गाउँपालिकामा हेभी इक्युपमेन्ट सञ्चालनका लागि तोकिएको आर्थिक शीर्षकलाई सम्झनु पर्दछ।

च) "चालक/अपरेटर" भन्नाले हेभी इक्युपमेन्ट चलाउने चालकलाई सम्झनु पर्दछ।

छ) "सेवाग्राही" भन्नाले यस कार्यविधि अनुसार सेवा लिन चाहने सार्वजनिक सङ्घ, संस्था, समिति, उपभोक्ता समिति र व्यक्तिलाई सम्झनु पर्दछ।

**३. सञ्चालन समितिको गठन**

क) फाकफोकथुम गाउँपालिकामा रहेका हेभी इक्युपमेन्ट सञ्चालनका लागि देहाय बमोजिमको सञ्चालन समिति रहनेछ।

| | | |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | संयोजक |
| २. | प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | सदस्य |
| ३. | योजना शाखा प्रमुख | सदस्य |
| ४. | इन्जिनियर वा निजले तोकेको प्राविधिक कर्मचारी | सदस्य |
| ५. | जिन्सी शाखा प्रमुख | सदस्य सचिव |

बैठकमा आवश्यकता अनुसार बढीमा २ जना सम्म आमन्त्रित गर्न सकिनेछ।

आज्ञाले..

नामः दिल कुमार लिम्बु

पदः प्रमुख प्रशासकीय अधिकृत

मितिः २०७९।०९।०५

कार्यालयःफाकफोकथुम गाउँपालिकाको कार्यालय, आमचोक इलाम

## ४. समितिको काम, कर्तव्य र अधिकार

क) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१) हेभी इक्युपमेन्ट प्रयोगको दररेट परिमार्जनका लागि सिफारिस गर्ने,

२) हेभी इक्युपमेन्टहरुको रेखदेख गर्ने,

३) सञ्चालनको अवस्थामा नियमन गर्ने,

४) मर्मत संभार गर्ने,

५) गाउँपालिकामा नियमित प्रगति प्रतिवेदन पेश गर्ने,

६) आवश्यकता अनुसार अन्य कार्य,

## ५. समितिको बैठक

क) समितिको बैठक द्वैमासिक रुपमा बस्नेछ ।

ख) आवश्यकता भएमा जुनसुकै बखत समिति बैठक बस्न सक्नेछ ।

## ६. हेभी इक्युपमेन्टको उपलब्धता सम्बन्धि व्यवस्था

क) सेवाग्राहिले अनुसुची-१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

ख) गाउँपालिकाबाट उपलब्ध गराइने इक्युपमेन्टको भाडादर अनुसूची-२ बमोजिम हुनेछ ।

ग) सेवाग्राहिले अनुसूची-१ बमोजिम फाराम भरी समितिको सिफारिसमा अनुसूची-२ बमोजिमको शुल्क बुझाइसकेपछि अनुसूची-३ बमोजिमको सम्झौता गराई इक्युपमेन्ट उपलब्ध गराइनेछ ।

घ) तत्काल हेभी इक्युपमेन्ट प्रयोगमा ल्याउनुपर्ने अवस्था उत्पन्न भएमा पछि समितिले बैठकबाट अनुमोदन गराउने गरी सम्बन्धित शाखाले इक्युपमेन्ट उपलब्ध गराउन सकिनेछ ।

ङ) हेभी इक्युपमेन्ट अपरेटरलाई गाउँ कार्यपालिका वा सञ्चालन समितिको स्वीकृत लिखित आदेश बिना कुनै विशेष मेशिन लगि काम गर्ने अधिकार रहने छैन ।

च) हेभी इक्युपमेन्ट फिल्डमा खटाउँदा कार्यालयको कम्पाउण्डदेखि काम सम्पन्न गरी पुनः कार्यालयमा फिर्ता भएसम्मको सुरु मिटर र अन्तिम मिटरको फोटो हिसाब गणना गरी सवारी चालक/अपरेटरले लगबुक स्वीकृत गराउनु पर्नेछ ।

छ) गाउँ कार्यपालिकाको कार्यालयबाट सोझै गरिने कामको लागि समेत विवरण अध्यावधिक गरी लगत खडा गरिनेछ ।

ज) अग्रिम दस्तुर बुझाएको भन्दा बढी समय प्रयोग गरेमा नियमानुसार थप दस्तुर बुझाउन पर्नेछ, थप दस्तुर उठाउने दायित्व चालकको हुनेछ ।

झ) लापरबाहिका कारण हेभी इक्युपमेन्टमा कुनै क्षति पुग्न गएमा सो को जिम्मेवारी साधन माग गर्ने सेवाग्राहीको हुनेछ ।

ञ) विपद र गाउँपालिकाबाट आयोजना गरिने विशेष कार्यका सन्दर्भमा हेभी इक्युपमेन्ट सञ्चालन गर्नुपर्ने भएमा महशुल छुट गर्न सकिनेछ, सोको जानकारी गाउँ कार्यपालिकालाई गराइनेछ ।

ट) गाउँपालिकाबाट सम्झौता गरी कार्य सञ्चालन हुने उपभोक्ता समितिहरुको हकमा तत्काल भाडा बुझाउन नसक्ने भएमा रकम भुक्तानी हुँदा कटाउने गरी हेभी इक्युपमेन्ट प्रयोग गराउन सकिनेछ ।

७. **सञ्चालन कोषको व्यवस्थाः**

क) हेभी इक्युपमेन्ट सञ्चालनको लागि एउटा छुट्टै कोष खडा गरिनेछ। उक्त कोषमा देहाय बमोजिमको रकम रहनेछ।

१) गाउँपालिकाबाट विनियोजित रकम

२) सेवाग्राहीबाट प्राप्त हुने दस्तुर

३) विभिन्न निकायबाट सो कार्यको लागि प्राप्त हुने रकम

८. **कोष सञ्चालन विधिः** प्रचलित कानुन अनुसार गाउँपालिकाको खाता सञ्चालन गर्ने प्रकृया अनुसार कोष सञ्चालन हुनेछ।

९. **इन्धन तथा मर्मत सम्बन्धी व्यवस्था**

१. इन्धन तथा मर्मत सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ।

क) हेभी इक्युपमेन्ट अपरेटर/चालकले इन्धन तथा लुब्रिकेन्ट्स माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम स्वीकृत गराएर मात्र भर्नुपर्नेछ। इन्धन तथा लुब्रिकेन्ट्स खपतको अद्यावधिक लगत हेभी इक्युपमेन्ट अपरेटर/चालकले तयार गरी सो को जिन्सी शाखाको सिफारिस सहित कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

ख) हेभी इक्युपमेन्ट मर्मत गर्दा अनुसूची-४ बमोजिम मर्मत फाराम भरी गर्नुपर्नेछ।

ग) इन्धन तथा लुब्रिकेन्ट्स र मर्मत सम्बन्धी सम्पूर्ण कार्यको विस्तृत लगत गाउँ कार्यपालिकाको कार्यालयको जिन्सी शाखामा अद्यावधिक राखिने छ।

घ) हेभी इक्युपमेन्ट बिग्रिएमा बिग्रिएको लिखित जानकारी चालक/अपरेटरले कार्यालयलाई गराउनुपर्नेछ।

ङ) मर्मत सम्भारको कार्य गराउँदा चालक/अपरेटर वा सञ्चालक समितिको सदस्य वा निजले तोकेको प्राविधिक कर्मचारी वा जिन्सी शाखाको प्रतिनिधि वर्कसपमा रहनुपर्दछ।

च) मर्मत कार्यको तथा इन्धनको अन्तिम भुक्तानीको लागि स्वीकृत लगबुकको आधारमा सञ्चालन समितिले तोके बमोजिमको प्रति घण्टा खपत गणना गरी भुक्तानी दिइनेछ।

१०. **कर्मचारी व्यवस्था**

हेभी इक्युपमेन्ट सञ्चालनको लागि कर्मचारी सम्बन्धी व्यवस्था निम्न बमोजिम हुनेछ।

क) हेभी इक्युपमेन्ट सञ्चालनको लागि आवश्यक पर्ने चालक/अपरेटर तथा सहयोगी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा "फाकफोकथुम गाउँपालिका कर्मचारी व्यवस्थापन कार्यविधि २०७९" बमोजिम नियुक्त गरिनेछ।

ख) हेभी इक्युपमेन्ट अपरेटर/चालक/सहयोगी लाई प्रचलित कानुन बमोजिमको ज्याला/भत्ता/तलब उपलब्ध गराइनेछ। तर करार सम्झौतामा घटीघटाई कममा काम गर्न इच्छुकलाई प्राथमिकता दिइनेछ।

ग) हेभी इक्युपमेन्ट अपरेटर/चालक/सहयोगीले कार्यालयले दिएको कार्य विवरण र निर्देशन विपरित कार्य गरी कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फी करार सम्झौता भङ्ग गरी क्षतिपूर्ति असुल उपर गरिनेछ।

## ११. विविध

क) यसमा उल्लेख नभएका अन्य व्यवस्था गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

ख) कार्यविधिमा उल्लेख हुन बाँकी विषयमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

ग) गाउँ कार्यपालिकाबाट यो कार्यविधिमा समयानुसार परिमार्जन गर्न सकिनेछ ।

घ) यस कार्यविधिको व्याख्या गाउँ कार्यपालिकाले गर्नेछ ।

दिलकुमार लिम्बू
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची -१

### (बुँदा ६ को (क) सँग सम्बन्धित

### ब्याक हो लोडर / ग्रेडर / रोलर / ट्र्याक्टर / टिप्पर (हेभी इक्युपमेन्ट) भाडामा लिने सम्बन्धी निवेदनको ढाँचा

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
फाकफोकथुम गाउँपालिका, इलाम ।

**विषयः भाडामा हेभी इक्युपमेन्ट दिन हुन बारे ।**

प्रस्तुत विषयमा यस गाउँपालिकाको वडा नं. ........... मा गाउँपालिकाबाट स्वीकृत भएको योजना/ठेक्का/बजेट बमोजिमको कार्यको लागि यस गाउँपालिकाको स्वामित्वमा रहेको हेभी मेशिन.................................भाडामा लैजान आवश्यक परेको हुँदा निम्न विवरण खुलाई यो निवेदन पेश गरेको छु । गाउँपालिकाको नियमानुसार र शर्त बमोजिम भाडामा लैजान, मेशिनको पूर्ण सुरक्षाको रकमबाट उक्त मेशिनको भाडा कट्टा गर्ने वा लाग्ने दस्तुर नियमानूसार भुक्तानी गर्ने पूर्ण मञ्जुरी गर्दै उक्त हेभि मेशिन ........................भाडामा पाउन स्वीकृतिकौं लागि अनुरोध गर्दछु/गर्दछौं ।

निम्न विवरण

| | | | | |
|---|---|---|---|---|
| १ | योजनाको/संस्था/ठेक्का/ठेकेदार/व्यक्तिको नाम | | | |
| २ | योजना कार्यक्रमको | स्वीकृत मितिः | | निर्णय तहः |
| ३ | योजना/कार्यक्रमको रकम | कुल लईः | गापा अनुदानः | जनश्रमदान |
| ४ | योजना सम्झौता मितिः | | | |
| ५ | सम्झौता अनुसार | योजना कार्यक्रम सम्पन्न हुने मितिः | | |
| ६ | उपभोक्ता समितिको/ठेकेदारको नामः | अध्यक्ष/प्रो. को नामः | | मोबाइल नं. |
| | | सचिवको नामः | | मोबाइल नं. |
| | | कोषाध्यक्षको नामः | | मोबाइल नं. |
| ७ | भाडामा माग गरेको मितिः | मिति २०.......... देखि मिति २०.......... गतेसम्म....... दिनको लागि | | |
| ८ | मेशिन फिर्ता गर्ने मितिः | | | |
| ९ | वडाको सिफारिस पत्रको | चलानी नं. | मितिः | |
| १० | मेशिन प्रयोग हुने (गरिने) | वडा नं. | स्थानः | |
| ११ | मेशिनको प्रयोग गरेर गरिने कामहरुको विवरण (बुँदागत रुपमा कोठाभित्र लेख्ने) | | | |

निवेदकः

| | |
|---|---|
| दस्तखतः | |
| निवेदन पेश गर्नेको नाम थरः | |
| पदः | |
| मितिः | |

## कार्यालय प्रयोजनका लागि

श्री आर्थिक प्रशासन शाखा

................................ निम्न बमोजिमको आम्दानी बाध्नु होला ।

भाडामा दिएको:

विवरण:

भाडा दर:

प्रति सिफ्ट वा घण्टा:

राजश्व रकम प्राप्त भएको मितिः

जम्मा राजश्व रकमः

पेश गर्ने कर्मचारी

प्रमाणित गर्ने अधिकारीको दस्तखत

दिलकुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

(बुँदा ६ को (ख) सँग सम्बन्धित)

हेभी इक्युपमेन्ट प्रयोग गरे बापतको दस्तुर

| सि.नं. | इक्युपमेन्टको नाम | दररेट (भ्याटबाहेक) | कैफियत |
|---|---|---|---|
| १ | बारुण यन्त्र | निःशुल्क | |
| २ | एम्बुलेन्स | कार्यविधि अनुसार | |
| ३ | स्काभेटर | प्रतिघण्टा रु. १८०६ | १२० पावर सम्मको |
| ४ | स्काभेटर | प्रतिघण्टा रु. २४१५ | १२० देखि २०० पावर सम्म |
| ५ | स्काभेटर | प्रतिघण्टा रु. ३००० | २०० भन्दा माथि |
| ६ | भाइब्रेटर रोलर | प्रतिघण्टा रु. १९०० | १० टन |
| ७ | ट्रयाक्टर | प्रति दिन रु. ४००० | इन्धन बाहेक |
| ८ | ट्रिपर | प्रति दिन रु. ६००० | इन्धन बाहेक |
| ९ | ट्याङ्कर | प्रति घण्टा रु. ९०८ | इन्धन बाहेक |
| १० | मोटर ग्रेडर | प्रतिघण्टा २६०० | इन्धन बाहेक |
| ११ | रकब्रेकर जडित स्काभेटर | प्रतिघण्टा २२५० | इन्धन बाहेक |

माथि उल्लेखित दररेटमा कार्यालय दिन समयमा २ प्रतिशत र कार्यालय समय बाहेक वा बिदाका दिनमा १०% प्रतिशत चालक भत्ताको व्यवस्था सेवाग्राहीले गर्नु पर्नेछ।

यस तालिकामा जे सुकै लेखिएको भएता पनि प्रचलित दररेट बमोजिम वार्षिक रुपमा कार्यालयले कुनै व्यक्ति/संस्था/निकाय सँग सम्झौता गरी मासिक राजश्व संकलन गर्ने गरी भाडामा लगाउन सक्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

फाक्फोकथुम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आमचोक, इलाम
१ नं. प्रदेश नेपाल

अनुसूची -३

(बुँदा ६ को (ग) सँग सम्बन्धित)

**फाकफोकथुम गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, आमचोक इलाम र ......................**

**बीच गाउँपालिकाको स्वामित्वमा रहेको हेभी इक्युपमेन्ट भाडामा लगाउने कार्य सम्बन्धी**

**सम्झौता पत्र**

फाकफोकथुम गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय आमचोक इलाम (यस पछि पहिलो पक्ष भनिएको) र .............................................................................................. (यस पछि दोस्रो पक्ष भनिएको) को बीचमा हेबी इक्युपमेन्ट भाडामा लगाउने कार्य देहाय बमोजिमको सेवा तथा शर्तहरुको अधिनमा कार्यान्वयन गर्न गराउन दुवै पक्ष एक आपसमा सहमत भई फाकफोकथुम गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा बसि द्विपक्षीय सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं।

क) हेभि इक्युपमेन्ट भाडामा लैजाने सम्बन्धी विवरणः

| | | | |
|---|---|---|---|
| निवेदन दिने व्यक्तिको नाम/पदः | | | |
| भाडामा लैजाने मिति (देखि-सम्म) /दिन | ............... देखि......... सम्म / ................दिन | | |
| मेशिन प्रयोग हुने योजनाको/ठेकेदारको/व्यक्तिको नामः | | | |
| प्रयोग हुने वडा नं. र टोलः | | | |
| मेशिन फिर्ता हुने (गर्नुपर्ने) मिति र समय | | | |
| मेशिन बुझिलिने पदाधिकारीको नाम र पदः | | | |
| मेशिन बुझिलिनेको मोबाइल नम्बरः | | | |
| मेशिन प्रयोग हुने योजनाको नामः (वैकल्पिक) | | | |
| मेशिन प्रयोग हुने योजनाको रकम | लई | गापाः | जनश्रमदानः |
| वडा समितिको सिफारिस पत्रको च.नं. / मितिः | | | |
| मेशिन प्रयोग हुने योजनाको स्वीकृत मिति र तह | | | |

ख) भाडा सम्बन्धी अन्य शर्तहरुः

१. मेशीनको भाडादर अनुसूची - २ बमोजिम रु. ......... हुनेछ मेशिन सञ्चालन गर्दा लाग्ने इन्धन, अपरेटर र हेल्परको खर्च आदि सबै दोस्रो पक्षले नै व्यहोर्नु पर्नेछ।

२. भाडामा उपलब्ध गराइएको उक्त मेशिनको भाडा गाउँपालिका कार्यालयले उपभोक्ता समितिलाई योजनाको रकम भुक्तानी गर्दा सोझै कट्टा गर्नेछ।
यस्तो रकमको हिसाव चालकले प्रमाणित गरि गापामा बुझाएको प्रमाणित घण्टाको आधारमा हुनेछ। अपरेटरले पेश गरेको कागजातलाई योजना शाखाले भेरिफिकेशनको लागि प्राविधिकसँग राय लिन सक्नेछ।

३. गाउँपालिकालाई अति आवश्यक काम पर्न गई मेशिन आवश्यक परेको अवस्थामा गापाले दोस्रो पक्षलाई मौखिक जानकारी गराई मेशिन फिर्ता लिई काम गर्न सक्नेछ र काम सम्पन्न भएपछि पुनः प्रदान गर्नेछ।

४. एक भन्दा बढि दिन लाग्ने कार्यको लागि मेशिन भाँडामा लैजाने पक्षले मेशिनको प्रयोग दैनिक कम्तीमा ७ घण्टा प्रयोग गर्नुपर्नेछ। मेशिन लगेपछि दैनिक कम्तिमा ७ घण्टा भन्दा कम समय चलाएको अवस्थामा कम चलाएको घण्टा बराबरको भाडामा लैजाने पक्षले आइडल चार्ज तिर्नुपर्नेछ। यस्तो आइडल चार्ज प्रतिघण्टा रु. २०० हुनेछ।

तर मेशिनको खराबीको कारण तथा इन्धनको अभावको कारण वा मेशिन अपरेटरको अस्वस्थताको कारण वा कार्यस्थलमा काबु बाहिरको परिस्थितिले मेशिन चल्न नसकेको अवस्थामा आइडल चार्ज लाग्ने छैन। यस्तो अवस्था सिर्जना भएको कम्तिमा २४ घण्टा भित्र दोस्रो पक्षले गाउँपालिकामा लिखित जानकारी दिनुपर्नछ।

५. सम्झौता गरेर भाँडामा लगेको मेशिन सम्झौता अवधिभन्दा बढी सञ्चालन गर्न पर्ने भएमा सुरु सम्झौता गरिएको अवधि सकिनु भन्दा कम्तिमा २४ घण्टा अघि गाउँपालिकालाई दोस्रो पक्षले लिखित जानकारी गराई सम्झौता अवधि थप्नको लागि नविकरण गर्नु पर्नेछ।

६. मेशिन भाडामा लगेपछि कार्यालयमा फिर्ता नबुझाए सम्म उक्त मेशिनको सुरक्षाको पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ। साथै दोस्रो पक्षले साइटमा मेशिनको हानी नोक्सानी नहुने, मेशिनको कुनै पार्ट पूर्जा चोरी नहुने गरी सुरक्षाको पूर्ण व्यवस्थाका साथ पार्किङको व्यवस्था मिलाउनु पर्नेछ।

७. उक्त मेशिनको इन्धन तथा मोविलको (नियमति सर्भिसिङ बाहेकको) व्यवस्था दोस्रो पक्षले स्वयम् गर्नुपर्नेछ। इन्धन र मोविलको व्यवस्था गर्दा गुणस्तरयुक्त इन्धनको प्रयोग गर्नुपर्नेछ। गुणस्तरको कमि वा इन्धनमा भएको मिसावटको खराबीको कारणले मेशिनमा कुनै समस्या आई बिग्रन गएमा र मर्मत गर्नुपर्ने अवस्था आएमा मर्मत सम्भार गर्दा लागेको सबै खर्च मेशिन भाडामा लैजाने दोस्रो पक्षबाट गर्नु पर्नेछ र यस्तो रकमको कट्टा दोस्रो पक्षले कार्यालयबाट पाउने रकमबाट गरिने छ।

८. मेशिन जुन कामको लागि सम्झौता गरी लगिएको छ सो बाहेक अन्य कार्यको लागि वा योजनामा दोस्रो पक्षले मेशिनको प्रयोग गर्न पाउने अधिकार छैन। तर वडाध्यक्ष सँग समन्वय गरी वडाध्यक्षले मनासिव देखेमा सार्वजनिक कार्यको लागि नियमानुसार तोकिएको सम्झौताको शर्त र म्याद ननाघेको गरी मेशिनको परिचालन गराउन सक्नेछ।

९. मेशिन चलाउन चालक र सहचालकको खाने बस्ने आदी प्रबन्ध मेशिन भाडामा लैजाने पक्षले गर्नु पर्नेछ।

१०. मेशिन भाडामा लैजाने दोस्रो पक्षले जुन अवस्थामा मेशीन जिम्मामा बुझिलिएको छ सोहि अवस्थामा यस गाउँपालिकालाई फिर्ता गर्नु पर्नेछ।

११. मेशीन भाडामा लैजाने दोस्रो पक्षले संझौता पत्रमा तोकिएको अवधी (दिन/घण्टा) गापाको पूर्व स्वीकी र थप सम्झौता बाहेक मेशिन चलेको वा चलाइएको पाइएमा मेशिन भाडामा लिने पक्षसँग उक्त अवधीको दोब्बर भाडा असुल उपर गरिने छ।

१२. मेशिनको प्रयोग बारे समितिले निरिक्षण गर्ने सक्नेछ।

१३. सम्झौतामा उल्लेख नभएका विषयबस्तुहरुको हकमा नेपालको प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।

पहिलो पक्षको तर्फबाट
दस्तखत
प्रमुख प्रशासकीय अधिकृत
फाकफोकथुम गाउँपालिका

दोस्रो पक्षको तर्फबाट
दस्तखत
नामः
ठेगानाः

साक्षी
दस्तखत
योजना शाखा

दस्तखत
जिन्सी शाखा

दस्तखत
चालक

## अनुसूची ४

## (बुँदा ९ ख संग सम्बन्धित)

## हेभी इक्युपमेन्ट (...................................) मर्मत निवेदन फाराम

श्री प्रमुख प्रशासकीय अधिकृतज्यु,
फाकफोकथुम गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
आमचोक, इलाम ।

बिषयः ............................... मर्मत सम्बन्धमा ।

महोदय,

यस फाकफोकथुम गाउँपालिकाको .................. को तपशिलको पार्ट्समा खराबी आई सञ्चालनमा बाधा परेकोले चेकजाँच गराई मर्मतको व्यवस्था मिलाइदिनहुन यो निवेदन पेश गर्दछु ।

तपशिल

| समस्या आएको सामान वा पार्टसको विवरण | परिमाण | सामान फेर्नुपर्ने वा मर्मत गर्नुपर्ने | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

अपरेटर/चालकको दस्तखतः

नामः

जिन्सी शाखाले भर्ने:

उपरोक्त सामान फेर्नुपर्ने/मर्मत गर्नुपर्ने देखिएकोले सिफारिस गर्दछु ।

दस्तखतः

नामः

आज्ञाले..
नामः दिल कुमार लिम्बु
पदः प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७९।०९।०५
कार्यालयःफाकफोकथुम गाउँपालिकाको कार्यालय, आमचोक इलाम

दिलकुमार लिम्बू
प्रमुख प्रशासकीय अधिकृत

फाकफोकथुम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

फाकफोकथुम गाउँपालिका हेभी इक्युपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०७९